दैनिक कालपृष्ठ
KALPRISTHA DAINIK
वर्षः २९, अंक:९१
शुक्रबार, २० कात्तिक २०८३
(Friday, 6 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

# कालपृष्ठ

kalpristhanews.com

राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

# भोटेकोशी बेपत्ताका परिवारमा अझै अन्योल



**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, १९ कात्तिक*

> गत भदौ १० गते भोटेकोशीमा आएको बाढीले बगाएर बेपत्ता पारेका आफन्तको अवस्था अझै अज्ञात रहेको नेपालगन्ज उप-महानगरपालिका-२० थपुवाका अनलाल रोकायले बताए । उनका दाजु, भाउजु र छोरा बाढीमा बेपत्ता भएका थिए ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीमा आफन्त गुमाएका बाँकेका परिवारले बेपत्ताको सास वा लास भेटिने आशा क्रमशः मार्दै गएका छन्। बाढीमा आफन्त बेपत्ता भएको ७० दिन बितिसक्दा पनि कुनै खबर नआएपछि उनीहरू अन्योल र पीडामा छन्।

गत भदौ १० गते भोटेकोशीमा आएको बाढीले बगाएर बेपत्ता पारेका आफन्तको अवस्था अझै अज्ञात रहेको नेपालगन्ज उप-महानगरपालिका-२० थपुवाका अनलाल रोकायले बताए। उनका दाजु, भाउजु र छोरा बाढीमा बेपत्ता भएका थिए।

"७० दिनभन्दा बढी भयो, बेपत्ता भएका हाम्रा मान्छेको न त सास भेटिएको छ, न त लास नै। अब सास र लास भेटिने आशा मर्दै गएको छ", उनले भने, "डीएनए परीक्षणको रिपोर्ट पनि आएको छैन। सरकारले मृत्यु घोषणा गरिदिए मृत्यु संस्कार गर्ने सोच बनाएका छौं।"

आफन्तको मृत्यु संस्कारसमेत गर्न नपाउँदा पीडामाथि पीडा थपिएको उनले बताए। बेपत्ताको कुनै खबर नआउँदा यस वर्षको दसैं र तिहार उनका लागि झन् पीडादायी बने। चाडपर्वका बेला बेपत्ता दाजु, भाउजु र छोराको सम्झनाले सताउने गरेको उनले सुनाए।

रसुवा भन्सार कार्यालयको टिमुरे क्षेत्रमा काम गर्दै आएका ५३ वर्षीय दाजु शेरसिंह रोकाय, ५६ वर्षीया भाउजु विष्णुमती रोकाय र उनीहरूलाई भेट्न तथा गोसाइँकुण्ड दर्शन गर्न पुगेका १९ वर्षीय छोरा दीपक रोकाय बाढीमा परी बेपत्ता भएका थिए।

बुढेसकालको सहारा एक्लो छोरा र जीवनको आधार बनेका दाजु-भाउजु एकैपटक बेपत्ता भएपछि अनलाल र उनकी श्रीमती कर्णसरी रोकाय शोकमा छन्। लामो समयसम्म पनि आफन्तको अवस्था पत्ता नलाग्दा परिवारमा निराशा बढ्दै गएको छ।

"हाम्रा मान्छे कतै फर्किहाल्छन् कि भन्ने आशा अब मर्दै गएको छ। न सास पाइयो, न लास नै। दोधारमै समय बितिरहेको छ", अनलालले भने, "दसैं र तिहारमा मनभित्रको असह्य पीडा झन् बल्झिएर आउने गरेको छ।"

शव पहिचानका लागि डीएनए परीक्षणको नमुना दिएपछि आफन्तको अवस्था थाहा हुने आशा जागेको भए पनि अहिलेसम्म रिपोर्ट नआएको उनले बताए। उनले नेपालगञ्जस्थित भेरी अस्पतालमा डीएनए परीक्षणका लागि नमुना दिएका थिए।

डीएनए परीक्षणको नतिजा र बेपत्ता व्यक्तिको अवस्थाबारे सरकारले आधिकारिक जानकारी नदिँदा परिवारले सामाजिक तथा धार्मिक संस्कार गर्न नसकेको उनको भनाइ छ। सरकारले मृत्यु भएको वा खोजी गर्दा पनि फेला पार्न नसकिएकोबारे आधिकारिक घोषणा गरेमा संस्कार गर्न सहज हुने उनले बताए।

"सास वा लास केहीको अत्तोपत्तो छैन। के आधारमा सामाजिक संस्कार गर्ने भन्ने दोधारमा छौं", उनले भने, "हामी डीएनए रिपोर्टको प्रतीक्षामा छौं। सरकारले आधिकारिक रूपमा मृत वा फेला पार्न नसकिएको घोषणा गरेपछि मात्रै सामाजिक संस्कार गर्ने सोच बनाएका छौं।"

सोही बाढीमा परी थपुवाका आराम दमाईं र उजना दमाईं पनि बेपत्ता भएका थिए। रोजीरोटीका लागि रसुवा पुगेका उनीहरूका १६ वर्षीय छोरा सुभास नेपाली, ११ वर्षीय छोरा अश्विन र नौ वर्षीया छोरी स्मारिका आमाबुवा फर्किने आशामा दिन बिताइरहेका छन्।

थपुवाका दुवै परिवारमा चाडपर्वसमेत शोकमा बितेका छन्। बेपत्ता परिवारको सामाजिक तथा धार्मिक संस्कार गर्न र उनीहरूमा रहेको अन्योल अन्त्य गर्न डीएनए परीक्षणको नतिजा शीघ्र सार्वजनिक गर्नुका साथै सरकारले आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने नेपालगन्ज उप-महानगरपालिका-२० का कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढाले बताए।

भोटेकोशी बाढीमा परी बाँकेका २३ जना अझै बेपत्ता रहेको बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले जानकारी दिए। उनका अनुसार हालसम्म तीन जनाको शव पहिचान भई मृत्यु घोषणा गरिएको छ भने ३२ जनाको सकुशल उद्धार गरिएको छ।

अन्धकारबाट उज्यालोतर्फ अग्रसर हुने प्रेरणादायी प्रतीक

**शुभदीपावली**

जीवनलाई सुन्दर बनाउनु हाम्रो सामाजिक दायित्व तथा नैतिक जिम्मेवारी पनि हो । त्यसैले शुभदीपावली केवल उज्यालो र उत्सवको पर्व मात्र नभई जीवनलाई अझ सुन्दर, सकारात्मक र अर्थपूर्ण बनाउने प्रेरणादायी अवसर पनि हो । यस पर्वले हामीभित्र रहेको सकारात्मक चेतनालाई जागृत गराओस् ।

तसर्थ, यस पावन शुभदीपावलीको महान् अवसरमा हामी सबैले संकल्पित व्यक्ति बनी आफ्नो अन्तरात्मादेखि नै सोच, विचार र व्यवहार मा सकारात्मक परिवर्तन ल्याउने दृढ संकल्प गरौं ।

शुभदीपावली सबैका लागि सुख, शान्ति, समृद्धि एवं कल्याणकारी बनोस् ।

**हार्दिक मंगलमय शुभकामना !**



एञ्जल्स स्कुल, नेपालगंज
स्थापित वि.सं. २०३६ (इ.सं. १९७९)
घरबारी टोलमा स्थापना भई न्यूरोडसँग जोडिएर शान्तिमार्गसम्म फैलिएको

47 YEARS ANNIVERSARY

विना मल्ल
संस्थापक

**आवश्यकता सम्बन्धी सूचना !सूचना**

**प्रकाशित मिति : २०८३/०७/१९**

यस शिखर ग्रुप अफ इण्डष्ट्रिज अन्तर्गत गणपति डोर एण्ड प्लाईबोर्ड इण्डष्ट्रिज प्रा.लि., कोहलपुर-१४ पार्बतिपुरको लागी तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका इच्छुक व्यक्तिहरूले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराइन्छ ।

| क्र.सं | पद | संख्या | कामको जिम्मेवारी | आवश्यक योग्यता | उमेर |
|---|---|---|---|---|---|
| ०१ | ईलेक्ट्रिसियन/मोटर वाईन्डिङ प्राविधिक (Electrician/ Motor winding Tchnician) | १ जना | ● ८ औद्योगिक मोटर वाईन्डिङ, मर्मत तथा सर्भिसिङ गर्ने ।<br>● कारखाना मेसिन तथा उपकरणहरूको विद्युतीय मर्मत सम्भार र समस्या समाधान गर्ने ।<br>● थ्री-फेज मोटर, इलेक्ट्रिकल् प्यानल, स्टार्टर तथा वायरिङ सम्बन्धी काम गर्ने ।<br>● नियमित प्रिभेन्टिभ मेन्टेनेन्स गर्ने तथा विद्युतीय समस्या आएमा तत्काल समाधान गर्ने । | ● सम्बन्धित क्षेत्रमा कम्तीमा २-३ वर्षको कार्य अनुभव भएकोलाई प्राथमिकता दिनेछ ।<br>● औद्योगिक विद्युतीय प्रणाली तथा मोटर वाइनडिङ सम्बन्धी व्यावहारिक ज्ञान भएको हुनुपर्नेछ ।<br>● उत्पादनमूलक उद्योगमा काम गरेको अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ । | २५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको |

कार्यस्थल : मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि औद्योगिक क्षेत्र, नेपालगंज बाँके
तलब : उम्मेदवारको अनुभव तथा क्षमता अनुसार आपसी सहमतिमा निर्धारण गरिने छ ।
आवश्यक पर्ने कागजातहरू
- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी

आवेदन बुझाउने ठेगाना
**मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि.**
औद्योगिक क्षेत्र, नेपालगंज बाँके

*थप जानकारीको लागि सम्पर्क नम्बर ९८०१५४७०१७*

मेशिन द्वारा
**शिलालेख, ताम्रपत्र**
Laxmi Media Printers Nepalgunj
**लक्ष्मी मिडिया प्रिन्टर्स**
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

# भोटेकोशी विपत् : पुनर्निर्माणअघि अध्ययन

डा. तारानिधि भट्टराई
डा. जगत बस्नेत

- लामटाङ क्षेत्रको पहिरोले भोटेकोशीमा लेदोमिश्रित बाढी ल्यायो
- नदीको प्राकृतिक बहाब क्षेत्रमा बस्ती बढाउनु जोखिमपूर्ण हुन्छ
- भौतिक पूर्वाधार निर्माण गर्दा विस्तृत भौगर्भिक अध्ययन आवश्यक छ




विसं २०८३ भदौ १० गते लामटाङ लिरुङ हिमाल क्षेत्रमा चट्टान र बरफसहितको विशाल पहिरो झरेपछि उत्पन्न लेदो मिश्रित बाढी (डेब्री फ्लो) ल्हेन्दे खोलामार्फत भोटेकोशी नदीमा मिसिनुअघि नै सीमावर्ती क्षेत्रमा रहेका सरकारी तथा निजी भवन ध्वस्त भए। त्यसपछि नेपालतर्फ भोटेकोशी-त्रिशूली नदी कोरिडोरका विभिन्न बस्तीमा अकल्पनीय क्षति पुग्यो। नदीमा बाढी आउनु असामान्य होइन तर यस पटकको बाढीले पुऱ्याएको अकल्पनीय क्षति किन भयो भन्ने विषयमा व्यापक चर्चा भइरहेको छ। बाढीको उद्गमस्थल अत्यन्त विकट र उच्च हिमाली भूभागमा रहेकाले त्यहाँ पुगेर अध्ययन गर्न विज्ञलाई कठिनाइ भइरहेको छ। ल्हेन्देखोला नेपाल र चीनको सीमावर्ती क्षेत्रमा बग्ने खोला हो। यसको नेपालपट्टिको क्षेत्रमा मानव बस्ती तथा भौतिक संरचना नरहेकाले त्यहाँको क्षतिको छुट्टै लेखाजोखा आवश्यक परेन। चीनतर्फ बाढीले पुऱ्याएको क्षतिको विस्तृत विवरण पनि नेपाली सञ्चार माध्यममा पर्याप्त रूपमा आएको छैन। तर नेपाल-चीन सीमा पार गरेर भोटेकोशीमा प्रवेश गरेपछि बाढीले मच्चाएको विनाशले देशभित्र मात्र होइन, विश्वभरको ध्यानाकर्षण गराएको छ। विनाशका अन्तर्निहित कारण नबुझी भविष्यमा यस्तै प्रकृतिका विपत्को सामना गर्न सहज हुँदैन।

बाढीले पुऱ्याएको क्षतिको मूल्याङ्कन गर्न सबैभन्दा पहिले नदीको प्रकृति र नदीले निर्माण गर्ने भूआकृतिलाई बुझ्नु पर्छ। तिब्बतमा उद्गम भएको भोटेकोशी नदी रसुवागढी हुँदै नेपाल प्रवेश गर्छ। यसले टिमुरे, स्याफ्रुबेंसी, बेत्रावती, त्रिशूली, देवीघाट, मलेखु, मुग्लिङ र देवघाट हुँदै चितवन पार गर्छ र अन्ततः नेपाल-भारत सीमा नाघेर भारततर्फ बग्छ। यस यात्रामा थुप्रै ठुला-साना नदीहरू यसमा मिसिन्छन्। स्थान अनुसार नदीको नाम फरक हुँदै जान्छ। गोसाइँकुण्ड क्षेत्रबाट आएको त्रिशूली नदी धुन्चे नजिक भोटेकोशीमा मिसिएपछिको खण्डलाई त्रिशूली भनिन्छ। चितवनको देवघाटमा त्रिशूली र कालीगण्डकी मिसिएपछि यसलाई नारायणी भनिन्छ। नेपाल-भारत सीमामा पुगेपछि यो नदी गण्डकीका नामले चिनिन्छ।

पर्वतहरू उचालिँदै

करिब पाँच करोड वर्षअघि भारतीय र युरेसियाली टेक्टोनिक प्लेटहरू एकआपसमा ठोक्किन थालेपछि यस क्षेत्रमा जमिन उचालिने प्रक्रिया सुरु भएको मानिन्छ। जमिन उचालिएर अग्ला पर्वतहरू बन्न थालेपछि मनसुनी हावाको प्रवाहमा अवरोध सिर्जना भयो र यस क्षेत्रमा पर्याप्त वर्षा हुन थाल्यो। वर्षाको पानीले सहज बहाबको बाटो खोज्दै जमिन काट्ने क्रममा नदीहरू प्रवाह हुन थाल्यो। प्लेटहरूको ठोक्किने प्रक्रिया र जमिन उचालिने क्रम लाखौँ वर्षसम्म जारी रहँदा हिमालय पर्वतमालाको निर्माण भयो। यो प्रक्रिया अहिले पनि जारी छ। यो क्षेत्रका सबै पहाड एकै समयमा बनेका चाहिँ होइनन्। स्याफ्रुबेंसीभन्दा उत्तरको हिमाली भूभाग पहिले उचालिएको हो। त्यसपछि क्रमैसँग महाभारत (स्याफ्रुबेंसी र चितवनको देवघाटसम्मको भूभाग) र चुरे पर्वतमाला (देवघाटदेखि तराईसम्मको भूभाग) विकसित भएका हुन्। यी पर्वतहरू उचालिँदै जाँदा पनि यो नदीले आफ्नो बहाब कायम राख्दै चट्टान र माटो काटिरह्यो। फलस्वरूप कतिपय स्थानमा गहिरा गल्छी र साँघुरा खोँच बने। यसरी आफ्नो वरिपरिको भूभाग उचालिँदै जाँदा पनि पुरानै मार्गमा बगिरहने नदीलाई भूगर्भशास्त्रमा 'एन्टिसिडेन्ट रिभर (पहाड उचालिनु अघिको नदी/पूर्ववर्ती नदी)' भनिन्छ।

नदीले आफ्नो लामो इतिहासमा विभिन्न भूगर्भीय परिवर्तनको सामना गर्दै अनेक प्रकारका भूआकृति निर्माण गर्छ। उदाहरणका लागि, ठुलो पहिरोले नदी थुनिँदा त्यसको माथिल्लो भागमा ताल बन्न सक्छ। तालको पानीले किनारामा कटान गर्दै जाँदा यसको क्षेत्रफल बढ्न र गहिराइ घट्न सक्छ। पानीको मात्रा बढेर वा अन्य कारणले प्राकृतिक बाँध फुटेपछि तल्लो तटीय क्षेत्रमा ठुलो बाढी आउन सक्छ। त्यस्तो बाढीले कतै व्यापक कटान त कतै व्यापक माटो थुपार्छ। ताल सुकेपछि वा फुटेपछि त्यसले ओगटेको क्षेत्रमा गेग्रान थुप्रिएर उपत्यका वा बेंसी बन्छ। ठुला बाढीहरूले पनि नदी किनारका भूआकृतिमा व्यापक परिवर्तन ल्याउन सक्छन्। भोटेकोशी-त्रिशूली किनारका उपत्यका र बेंसी यस्तै नदीको पानी तथा गेग्रानको परिमाणमा आएको उतारचढावका कारण बनेका हुन्। नदीले पानी र गेग्रानको प्रवाह अनुसार आफ्नो मार्ग परिवर्तन गरिरहन्छ। यसले बनाएको बाटो (बगर) गुरुत्वाकर्षण, पानी बहाबको गति, जमिनको भिरालोपन, पानीको मात्रा र गेग्रानको उपलब्धता जस्ता प्राकृतिक प्रक्रियाको परिणाम हो। नदीले कतिपय स्थानमा नागबेली आकारका घुमाउरा धार बनाउँछ। धारको बाहिरी भागमा पानीको वेग र कटान बढी हुने भएकाले त्यहाँ चट्टान तथा माटो भत्किन सक्छ, जसलाई कटान क्षेत्र भन्ने गरिन्छ। यसको विपरीत भित्री भागमा पानीको गति घट्दा बालुवा, गिटी र अन्य गेग्रान थुप्रिन सक्छन्। यसलाई निक्षेप क्षेत्र भन्ने गरिन्छ। यसरी नदीमा कटान क्षेत्र र निक्षेप क्षेत्र विकसित भएका हुन्छन्। त्यस्तै कतिपय स्थानमा नदीले चट्टान काटेर गहिरा गल्छी बनाउँछ भने अन्य स्थानमा सिधा बहाब क्षेत्र पनि निर्माण गरेको हुन्छ।

नदीको बहाब क्षेत्रमा ठुलो पहिरो खस्नु, माथिल्लो तटीय क्षेत्रमा भारी वर्षा हुनु, अत्यधिक गेग्रान बगेर आउनु वा मानिसले नदीको बहाब क्षेत्र साँघुरो बनाउनु जस्ता कारणले नदीको प्रकृतिमा परिवर्तन आउन सक्छ। बगरबाट अत्यधिक दुङ्गा गिटी उत्खनन गर्दा पनि नदीको सन्तुलन प्रभावित हुन सक्छ। यस्ता परिवर्तनले नदीको कुनै एउटा खण्डमा मात्र असर पार्दैन। त्यसको प्रभाव माथिल्लो वा तल्लो तटीय क्षेत्रमा समेत देखिन सक्छ। त्यसैले नदी व्यवस्थापन वा किनारमा भौतिक संरचना निर्माण गर्नुअघि नदीको उद्गमदेखि विसर्जनस्थल (अर्को ठुलो नदीमा मिसिने ठाउँ वा दोभान) सम्मको समग्र स्वरूप, बहाबको गतिशीलता, कटान तथा निक्षेप क्षेत्र, खोँच र अरू नदी निर्मित भूदृश्यहरूको अध्ययन गर्नु पर्छ। नदीलाई ससाना खण्डमा विभाजन गरेर नभई उद्गमदेखि विसर्जनस्थलसम्मको समग्र जलप्रणालीका अवयवहरूको अध्ययन गर्नु पर्छ। माथि उल्लेख गरिएका तथ्यलाई केन्द्रमा राखेर विश्लेषण गर्ने हो भने गत भदौ १० गतेको बाढीले व्यापक क्षति पुऱ्याउनुका पछाडि रहेका रहस्यलाई उद्घाटन गर्न सजिलो पर्छ।

पर्खालको उचाइ बढ्यो

स्याफ्रुबेंसी बजार भोटेकोशी नदीको किनारमा अवस्थित छ। स्थलगत अध्ययनको नतिजा अनुसार बाढी आउनुअघि नै नदीले यस क्षेत्रमा दुवैतर्फ कटान तथा निक्षेप क्षेत्र निर्माण गरिसकेको थियो। गेग्रानमिश्रित बाढी स्याफ्रुबेंसीमा प्रवेश गरेपछि सबैभन्दा पहिले नदीपारि निर्माणाधीन लामटाङ जलविद्युत् आयोजनाको पावरहाउसमा क्षति पुग्यो। उक्त संरचना नदीको कटान क्षेत्रमा रहेको थियो। पावरहाउसमा क्षति पुगेपछि त्यहाँको माटो थिग्राउने ठुलो पोखरीसमेत भत्कियो। त्यो समेत बाढीमा मिसिएपछि पानी र गेग्रानको मात्रा अझ बढ्यो र बाढी स्याफ्रुबेंसी बजारतर्फ सोझियो। स्याफ्रुबेंसीको दक्षिणतर्फ रहेको चिलिमे जलविद्युत् आयोजनाको पावरहाउसको प्रवेश सुरुङ नजिक नदीको बहाब क्षेत्र साँघुरो (खोँच) थियो। त्यहाँ अथाह गेग्रानमिश्रित बाढी सहज रूपमा बग्न सकेन। बहाबको गति घटेपछि बाढीले बगाएर ल्याएका ठुला ठुला दुङ्गा साँघुरो खोँचमा थुप्रिएर प्राकृतिक पर्खाललले बन्न पुग्यो। त्यहाँबाट पानी र गेग्रानको बहाब सहजसँग बग्न पाएन र बाढीको ठुलो हिस्सा स्याफ्रुबेंसीतर्फ नै फर्कियो। दुङ्गा थुप्रिँदै जाँदा प्राकृतिक पर्खालको उचाइ बढ्यो र स्याफ्रुबेंसीमा पानी तथा गेग्रानको मात्रा पनि बढ्दै गयो। प्रत्यक्षदर्शीका अनुसार यो प्रक्रिया सुरु भएको एक दुई मिनेटभित्रै बजार र प्रवेश सुरुङ गेग्रानले पुरिए। तुरुन्तै प्राकृतिक पर्खाल अचानक भत्किएपछि बाढी तीव्र गतिमा तल्लो तटीय क्षेत्रतर्फ अघि बढ्यो। प्राकृतिक पर्खालको भत्किएको केही अंश अहिले पनि खोँचमा देख्न सकिन्छ। स्याफ्रुबेंसी (सानो उपत्यका) बन्नुको मुख्य कारण नै विगतका ठुला ठुला बाढी आउँदा यो खोँचले पानीलाई सहज रूपमा बग्न नदिएर हो। यो तथ्यलाई यसपालिको बाढीले पनि पुष्टि गरेको छ। साथै ठुलो बाढी आएको बखत खोँचको प्रभाव दुवैतिर, माथिल्लो र तल्लो तटिए क्षेत्रमा पर्छ भनेर पनि बुझिएको छ।

प्रभावकारी पुनर्निर्माण कसरी ?

यति कुरा जानिसकेपछि उब्जिएको तड्कारो प्रश्न के हो भने त्यो ठाउँको विकास र भोटेकोशीको गतिशीलतालाई कसरी प्रभावकारी ढङ्गले समन्वय गर्ने ? राज्यका नीतिहरूमा यो प्रश्नको जवाफ प्रतिविम्बित भएपछि मात्र यो ठाउँको पुनर्निर्माण गर्नु मुनासिब देखिन्छ। स्याफ्रुबेंसीबाट अघि बढेको बाढीले अन्य स्थानसँगै नुवाकोटको बेत्रावती बजारमा पनि ठुलो क्षति पुऱ्यायो। स्थलगत अध्ययनको नतिजा अनुसार बेत्रावती बजार विगतमा नदीको कटान क्षेत्रसँगै जोडिएर बनेको फाँटमा विकसित भएको थियो। तीव्र गतिमा आएको बाढी नदीको कटान क्षेत्रमा ठोक्किँदा यसको एउटा ठुलो भङ्गालो बजारभित्र पस्यो। त्यहीँ भङ्गालोले बजारका केही घरलाई उचालेर अर्को ठाउँमा पुऱ्याएर थचारेको देख्न सकिन्छ। बजारलाई छिचोलेर सलाखु खोलामा पुगेपछि बाढी पुनः त्रिशूली नदीमा मिसियो। मुख्य भँगालोबाट छुट्टिएको हुनाले बजारमा पसेको बाढीको गति सापेक्षित रूपमा घट्यो। गेग्रान थिग्रिँदै बजार पुरियो। यो घटनाले नदीको कटान क्षेत्रको नजिक र नदीले नै बनाएको टारमा बस्ती विस्तार गर्दा बाढीको समयमा जोखिम कति बढ्न सक्छ भन्ने स्पष्ट पारेको छ। तसर्थ यो जोखिमलाई न्यूनीकरण गर्ने भर पर्दा उपायहरूको पहिचान, परीक्षण र अवलम्बन गरेर मात्र यस्ता ठाउँमा पुनर्निर्माण अघि बढाउनु सान्दर्भिक हुन्छ।

बाढीले त्रिशूली बजारमा पनि अकल्पनीय क्षति पुऱ्यायो। स्थलगत अध्ययन अनुसार बजार नदीको पुरानो निक्षेप क्षेत्रमा अवस्थित छ। बजारको ठिक विपरीत किनारमा चट्टानयुक्त कटान क्षेत्र रहेको छ। तीव्र गतिमा आएको लेदोमिश्रित बाढी चट्टानी किनारमा ठोक्किँदा त्यहाँ कटान भयो। चट्टानमा ठोक्किएपछि बहाबको गति घट्दा बाढीले बगाएर ल्याएको ठुलो परिमाणको गेग्रान नदीको अर्कोपट्टि रहेको निक्षेप क्षेत्रमा थुप्रियो। त्यहाँ रहेको त्रिशूली बजार गेग्रानले पुरियो। त्यसमाथि बजार विस्तारका क्रममा नदीको बहाब क्षेत्र साँघुरिएको थियो। बाढीको पानी र गेग्रान नदीको सीमित क्षेत्रमा अटाउन नसक्दा बाढी बजारभित्र पस्यो र क्षति अझ बढ्यो। यस घटनाले नदीको पुरानो निक्षेप क्षेत्रमा रहेका बस्तीहरू पनि ठुलो बाढीको जोखिमबाट मुक्त हुँदैनन् भन्ने स्पष्ट हुन्छ। सोही अनुरूप हामीले नीतिनिर्माण गरेनौँ भने भविष्य सुरक्षित देखिँदैन।

देवीघाटमा देखिएको क्षतिको प्रकृति केही फरक थियो। स्थलगत अध्ययन अनुसार यस क्षेत्रमा नदीको बहाब क्षेत्र पर्याप्त गहिरो थिएन। पानी र गेग्रानको अत्यधिक मात्रा बोकेको बाढी तीव्र गतिमा देवीघाटभन्दा केही माथि रहेको नदीको कटान क्षेत्रमा ठोक्किँदा बाढीको एउटा भँगालो नदीको मुख्य प्रवाहबाट छुट्टिएर (धार परिवर्तन गरेर) देवीघाट बजारतर्फ बगेको देखिन्छ। बाढीले बजारमा व्यापक क्षति पुऱ्याउँदै तादी खोलामा प्रवेश गरेपछि त्यस खोलाको बहाबसमेत अवरुद्ध भयो। परिणामस्वरूप तादी खोलाको पुल बग्यो भने किनारमा रहेका घर तथा खेतबारी पनि प्रभावित भए। यसै क्रममा त्रिशूली नदीको पुरानो कटान क्षेत्र (दोभानभन्दा केही तलतिर रहेको) बाढीका बेला त्रिशूली र तादी खोलाको सङ्गमस्थल नजिक सरेको देखियो। फलस्वरूप, सङ्गम (दोभान) क्षेत्रका घरहरूमा व्यापक क्षति पुग्यो। यस उदाहरणले नदीको बहाब क्षेत्रको गहिराइ थोरै भएका ठाउँमा बाढीका बखत नदीले धार परिवर्तन गरेर वरिपरिका गाउँ बस्तीलाई तहसनहस पार्ने सक्ने स्पष्ट भयो। यसै तथ्यलाई टेकेर भविष्यको योजना बनाउनु बढी बुद्धिमानी हुन्छ।

अझ ठुला बाढीको सम्भावना

माथि उल्लेख गरिएका स्थानमा भएको क्षति नदीको प्रकृति र भूआकृतिसँग सम्बन्धित जोखिम बुझाउन प्रस्तुत गरिएका प्रतिनिधिमूलक उदाहरण मात्र हुन्। बाढीले पुऱ्याएको सम्पूर्ण क्षतिको वास्तविक कारण पहिचान गर्न त नेपाल-चीन सीमादेखि नेपाल-भारत सीमासम्मको नदी प्रणालीको विस्तृत अध्ययन आवश्यक छ। यहाँ अर्को महत्वपूर्ण तथ्य पनि विचारणीय छ। यस पटकको बाढीले छोएको क्षेत्रभन्दा माथिल्लो भागमा (उकालोपट्टि) कतिपय स्थानमा विगतका बाढीले बनाएका टारहरू अझै देखिन्छन्। यस्ता भूआकृतिले विगतमा पनि ठुलो बाढी आएको सङ्केत गर्छन्। त्यसैले भविष्यमा पनि त्यस्तै वा अझ ठुलो बाढी आउन सक्ने सम्भावनालाई बेवास्ता गर्न मिल्दैन। नदीकिनारका खेतबारी र बस्तीआसपासको समथर जमिन मानिसले मात्र निर्माण गरेको होइन। त्यसको ठुलो हिस्सा नदीले हजारौँ वर्ष लगाएर गेग्रान (माटो) थुपार्दै बनाएको हो। बाढीका बखत नदीको बहाब र गेग्रानको मात्रा बदलिँदा त्यसले पहिले थुपारेको सामग्री फेरि बगाएर लैजान सक्छ वा नयाँ गेग्रान थुपार्न सक्छ। त्यसैले नदीले निर्माण गरेका बेंसी र टारलाई सधैँ सुरक्षित जमिन ठान्नु गलत हुन्छ।

नदीको पनि आफ्नै पारिस्थितिक प्रणाली हुन्छ। यसमा पानीको मात्रा, गेग्रानको प्रवाह, कटान र निक्षेपण जस्ता प्रक्रिया निरन्तर परिवर्तन भइरहन्छन्। कहिले ठुलो बाढी आउँछ त कहिले पानीको मात्रा घट्छ। नदीको बहाब क्षेत्रलाई अतिक्रमण गरेर वा अनियन्त्रित रूपमा परिवर्तन गरेर हामीले यसको प्राकृतिक प्रणालीमा हस्तक्षेप गर्नु भनेको विपत् निम्त्याउनु हो। त्यसैले नदीले निर्माण गरेका उपत्यका, बेंसी, टार, खोँच नजिक सहर, विद्यालय तथा कलेज, स्वास्थ्य चौकी, पालिका भवन र राजमार्ग जस्ता सार्वजनिक महत्वका पूर्वाधार निर्माण गर्नु हुँदैन। त्यस्ता संरचना निर्माण गर्नैपर्ने बाध्यात्मक अवस्था आएमा विस्तृत भौगर्भिक, जलविज्ञान तथा नदी इन्जिनियरिङसम्बन्धी अध्ययनका आधारमा विज्ञहरूले सिफारिस गरेका बाढी नियन्त्रण र क्षति न्यूनीकरणका उपायहरू अनिवार्य रूपमा अवलम्बन गर्नु पर्छ।

साथै यो घटनाले भौतिक सम्पत्ति, मानवीय जीवन, स्थानीय अर्थतन्त्र र सामाजिक सम्बन्धमा गहिरो चोट पुऱ्याएर नदी, जमिन र मानव सभ्यताबिचको सम्बन्धलाई पुनर्विचार गर्नुपर्ने आवश्यकता पनि उजागर गरेको छ। त्यसैले बाढीका कारण भएको विस्थापनलाई भौतिक संरचना वा सम्पत्तिको क्षतिमा मात्र सीमित गरेर बुझ्नु हुँदैन, किनकि यसले मानिसको जीवनशैली, जीविकोपार्जन र सामाजिक परिवेशलाई समेत प्रभावित पारेको छ। विस्थापित समुदायको पुनर्स्थापनालाई सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्ने वा भौतिक पूर्वाधार पुनर्निर्माण गर्ने प्रक्रियामा मात्र सीमित गरिनु हुँदैन। नदी र किनारको जमिनसँगको सम्बन्धलाई बुझ्दै, मानव र प्रकृति दुवैलाई न्याय हुने गरी पुनर्निर्माण तथा पुनर्स्थापना गर्नुबाहेक अर्को विकल्प हामीसँग छैन।-गोरखापत्र

# जाडोमा किन लाग्छ बारम्बार भोक ?

जाडो मौसममा धेरैजसो मानिसको तौल बढ्ने गर्छ। यसको कारण जाडोले गर्दा शारीरिक गतिविधि घट्नु मात्र होइन, बढी खाने बानी पनि हो, जुन चिसोको समयमा निकै सामान्य बन्छ।

यो मौसममा धेरैलाई छिनछिनमै भोक लाग्छ अनि तात्तातो पराठा, पकौडा, हलुवा, सुप र मिठाई खान मन पर्छ। कतिपय अवस्थामा पेटभरि खाएपछि पनि केही न केही खाइरहने इच्छा भइरहन्छ। तर के तपाईंले कहिल्यै सोच्नुभएको छ, जाडोमा आखिर यस्तो किन हुन्छ ?

डाइटिसियनका अनुसार यसका पछाडि शरीरको तापक्रम, हर्मोन, निद्रा, मनस्थिति र शारीरिक सक्रियता जस्ता अनेकौँ कारण हुन सक्छन्। चिसोमा शरीरलाई आफ्नो तापक्रम सन्तुलनमा राख्न ऊर्जा आवश्यक पर्छ, तर यसको अर्थ हरेक व्यक्तिले धेरै क्यालोरी खानैपर्छ भन्ने चाहिँ होइन।

जाडोमा बढी भोक लाग्नुका ५ कारण

१. शरीरको भित्री तापक्रम नियन्त्रणः

चिसो मौसममा शरीरले आफ्नो भित्री तापक्रम सामान्य राख्ने प्रयास गर्छ। यसका लागि ऊर्जा खर्च हुन्छ। यद्यपि, तपाईं न्यानो लुगा लगाउनुहुन्छ र अधिकांश समय घरभित्रै बस्नुहुन्छ भने तपाईंलाई धेरै अतिरिक्त क्यालोरीको आवश्यकता पर्दैन। त्यसैले जाडो लागेकै भरमा धेरै खानु आवश्यक छैन।

२. हर्मोनको उतारचढाव र घामको कमीः

'घ्रेलिन' हर्मोनले मस्तिष्कलाई भोक लागेको सङ्केत दिन्छ भने 'लेप्टिन' ले पेट भरिएको आभास गराउन मद्दत गर्छ। निद्रा, तनाव र दैनिक दिनचर्यालले यी हर्मोनलाई प्रभावित पार्न सक्छन्। यस्तो अवस्थामा हिउँदमा घाम कम लाग्दा मानिसको मनस्थिति र खाने इच्छामा पनि फेरबदल आउँछ।

३. 'कम्फर्ट फुड' को चाहनाः

चिसोमा पराठा, पकौडा, हलुवा र गुलिया परिकार खान बढी मन लाग्छ। गुलिया र धेरै चिल्लो भएका खाद्यपदार्थले तुरुन्तै ऊर्जा र स्वादको आनन्द दिन्छन्। तर यस्ता खानेकुरा खान मन लाग्दैमा शरीरलाई अतिरिक्त चिनी वा बोसोको खाँचो परेको हो भन्ने बुझ्न मिल्दैन।

४. शारीरिक गतिविधिमा कमी र स्क्रिन टाइमः

जाडो मौसम र छोटो दिनका कारण मानिसहरू हिँडडुल गर्न र व्यायाम गर्न कम गर्छन्। घरभित्रै बसेर टिभी हेर्दा वा मोबाइल चलाउँदा छिनछिनमै केही न केही खाइरहने बानी पनि बढ्न सक्छ। यसले गर्दा शरीरलाई चाहिनेभन्दा बढी क्यालोरी ग्रहण हुने सम्भावना रहन्छ।

५. निद्राको कमी र तनावः

निद्रा पूरा नहुनु, अबेर रातिसम्म मोबाइल चलाउनु र तनाव बढ्नुले भोकलाई प्रत्यक्ष असर पुऱ्याउँछ। कतिपय व्यक्ति जाडोमा उदासी वा सुस्तता महसुस गर्छन् र त्यसबाट राहत पाउनका लागि बढी खान थाल्छन्।

जाडोमा भोक कसरी नियन्त्रण गर्ने ?

आफ्नो दैनिक खानामा दाल, अण्डा, दही, काजु, बदाम, हरिया सागसब्जी, गेडागुडी तथा मौसमी फलफूल समावेश गर्नुहोस्। तातो सुप, खिचडी र दाल जस्ता पौष्टिक परिकारले लामो समयसम्म पेट भरिएको महसुस गराउन मद्दत गर्छन्। पर्याप्त मात्रामा पानी पिउनुहोस्, नियमित व्यायाम गर्नुहोस् र पूरा निद्रा सुत्नुहोस्।

यदि पर्याप्त खाना खाँदा पनि अचाक्ली भोक लागिरहन्छ र साथमा अत्यधिक तिर्खा लाग्ने, पटक-पटक पिसाब आउने, अचानक तौल घटबढ हुने वा निरन्तर थकान महसुस हुने जस्ता लक्षण देखिन्छन् भने चिकित्सकसँग परामर्श लिनुपर्छ।

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

## नेपाल राष्ट बैकबाट घ वर्गको इजाजतपत्र प्राप्त संस्था राष्टिय स्तरको कार्यक्षेत्र भएको ऋण कर्जा चुक्ता गर्ने सम्वन्धि ३५ दिने सार्वजनिक सूचना ।

*प्रकाशित मिती : २०८३/०७/२०*

यस ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.बाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण राखी वा सामूहिक जमानीमा लिएको कर्जा तपसिलका ऋणीहरूले लिएको ऋण कर्जाको सांवा व्याज लगाएतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासंगको शर्त कवुलियत बमेजिम समय समयमा तिर्नु/वुझाउनु पर्नेमा सो नतिरी नवुझाई ऋण कर्जा सम्वन्धी शर्त बन्देज उल्लधंन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा सम्पर्क गरी यस संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नु होला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति समेत लिलाम विक्री गरि वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने छ। साथै उक्त चल अचल सम्पत्ति लिलाम विक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत तथा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानी कर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**१.ऋणीको विवरण:**
नामः लक्ष्मी गुरुङ , ना.प्र.नः ४१०५, जारी मिति र जिल्लाः २०४५-०१-१७, सुर्खेत, स्थायी ठेगानाः नेपालगन्ज-२० रांभ्का, हालको ठेगानाः नेपालगन्ज-२० राभ्का, पतिको/पत्निको नामः चटक बहादुर गुरुङ, ससुरा/बाजेको नामः बखत बहादुर गुरुङ , **व्यक्तिगत धन जमानीकर्ताको नामः** चटक बहादुर गुरुङ, ना.प्र.नं. ६४८/१९३३, जारी मिति र जिल्लाः २०४१-०८-१५, जुम्ला, स्थायी ठेगानाः नेपालगन्ज-२० राभ्का, हालको ठेगानाः नेपालगन्ज-२० राभ्का, पिताको नाम : बखत बहादुर गुरुङ

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**२. ऋणीको विवरण:**
नामः राधा घर्तीमगर , ना.प्र.नः ६६-०१-७१-०७५६६ , जारी मिति र जिल्लाः २०७१-१०-२७, बाँके, स्थायी ठेगानाः नेपालगन्ज-१९, आलानगर, हालको ठेगानाः नेपालगन्ज-१७, आलानगर, पतिको/पत्निको नामः बिक्रम घर्तीमगर, पिताको नामः कृष्ण बहादुर भण्डारी, ससुरा/बाजेको नामः बिर बहादुर घर्तीमगर, **व्यक्तिगत धन जमानीकर्ताको नामः** सकुमाया घर्तीमगर

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**३.ऋणीको विवरण:**
नामः आशा शाही , ना.प्र.नः ३६९, जारी मिति र जिल्लाः २०५२-०९-०५, बाँके, स्थायी ठेगानाः नेपालगन्ज-१८ लग्दहवा, हालको ठेगानाः नेपालगन्ज-१८ लग्दहवा, पतिको/पत्निको नामः राजन शाही ठकुरी, पिताको नामः गोकर्ण पाण्डे, ससुरा/बाजेको नामः इन्द्र बहादुर शाही , **व्यक्तिगत धन जमानीकर्ताको नामः** राजन शाही ठकुरी, ना.प्र.नं. १३९४१, जारी मिति र जिल्लाः २०४५-०९-२८ बाँके, स्थायी ठेगानाः नेपालगन्ज-१८ लग्दहवा, हालको ठेगानाः नेपालगन्ज-१८ लग्दहवा, पिताको नाम : इन्द्र बहादुर शाही

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**४.ऋणीको विवरण:**
नामः सम्झना श्रेष्ठ , ना.प्र.नः ६-०५१-५२, जारी मिति र जिल्लाः २०५१-०५-०२ सुर्खेत, स्थायी ठेगानाः जानकी गा.पा. ६ पिप्रहवा, हालको ठेगानाः जानकी गा.पा. ६ पिप्रहवा, पतिको/पत्निको नामः शंशीन्द्र बहादुर पाण्डे, पिताको नामः चन्द्र बहादुर श्रेष्ठ, ससुरा/बाजेको नामः नरेन्द्र बहादुर पाण्डे , **व्यक्तिगत धन जमानीकर्ताको नामः** शोभित बहादुर पाण्डे, ना.प्र.नं. ६६-०१-७३-०३१४०, जारी मिति र जिल्लाः २०७३-०५-२९ बाँके, स्थायी ठेगानाः जानकी गा.पा. ६ पिप्रहवा, हालको ठेगानाः जानकी गा.पा. ६ पिप्रहवा, पति/पत्निको नामः सम्झना श्रेष्ठ, पिताको नाम : शंशीन्द्र बहादुर पाण्डे, ससुराको नाम/बाजेको नामः नरेन्द्र बहादुर पाण्डे

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**५.ऋणीको विवरण:**
नामः ममता बानिया , ना.प्र.नः १७४४३, जारी मिति र जिल्लाः २०६३-०८-२४ बाँके, स्थायी ठेगानाः नेपालगन्ज-११ बागेश्वरीटोली, हालको ठेगानाः नेपालगन्ज-११ बागेश्वरी टोल, पतिको/पत्निको नामः अजय बनिया, पिताको नामः राधेश्याम बनिया, ससुरा/बाजेको नामः रामदास बनिया , **व्यक्तिगत धन जमानीकर्ताको नामः** अजय बनिया, ना.प्र.नं. १२२०९, जारी मिति र जिल्लाः २०६०-११-१९ बाँके, स्थायी ठेगानाः नेपालगन्ज-११ बागेश्वरीटोल, हालको ठेगानाः नेपालगन्ज-११ बागेश्वरीटोल, पति/पत्निको नामः ममता बनिया, पिताको नाम : रामदास बनिया, ससुराको नाम/बाजेको नामः छेदी बनिया

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**६.ऋणीको विवरण:**
नामः रिनु देवी थापा, ना.प्र.नः ३६/६३, जारी मिति र जिल्लाः २०५२-०१-२३ बाँके, स्थायी ठेगानाः नेपालगन्ज-२० राँभ्का, हालको ठेगानाः नेपालगन्ज-२० राँभ्का, पतिको/पत्निको नामः कुल बहादुर थापा, पिताको नामः सूर्जभान थापा, ससुरा/बाजेको नामः महावीर थापा, **व्यक्तिगत धन जमानीकर्ताको नामः** भिम बहादुर थापा मगर, ना.प्र.नं. ६६१०१२/७१४, जारी मिति र जिल्लाः २०६८-०४-०३ बाँके, स्थायी ठेगानाः नेपालगन्ज-२० राँभ्का, हालको ठेगानाः नेपालगन्ज-२०, राँभ्का, पिताको नाम : कुल बहादुर थापा मगर, ससुराको नाम/बाजेको नामः महावीर थापा

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**७.ऋणीको विवरण:**
नामः संगीता सुनार, ना.प्र.नः ३६-०१-७५-०३४३१, जारी मिति र जिल्लाः २०७५-०७-०५ नवलपरासी, स्थायी ठेगानाः सुनवल-१० नवलपरासी, हालको ठेगानाः कोहलपुर-१४ हवलदारपुर, पतिको/पत्निको नामः अर्जुन सुनार, पिताको नामः टेक बहादुर सुनार, ससुरा/बाजेको नामः पुर्ण बहादुर सुनार, **व्यक्तिगत धन जमानीकर्ताको नामः** अर्जुन सुनार, ना.प्र.नं. ३६-०१-७१-०६३२०, जारी मिति र जिल्लाः २०७१-१०-१८ नवलपरासी, स्थायी ठेगानाः सुनवल-१० नवलपरासी, हालको ठेगानाः कोहलपुर-१० हवलदारपुर, पति/पत्निको नामः संगीता सुनार, पिताको नाम : पूर्ण बहादुर सुनार, ससुराको नाम/बाजेको नामः हर्क बहादुर सुनार

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**८.ऋणीको विवरण:**
नामः राम कुमारी सुनार , ना.प्र.नः २८१०६, जारी मिति र जिल्लाः २०६२-०८-१२ बर्दिया, स्थायी ठेगानाः कोहलपुर १४ हवलदारपुर, हालको ठेगानाः कोहलपुर-१४ हवलदारपुर, पतिको/पत्निको नामः टेक बहादुर सुनार, पिताको नामः खर्बिर सुनार, ससुरा/बाजेको नामः दिबे सुनार, **व्यक्तिगत धन जमानीकर्ताको नामः** अर्जुन सुनार, ना.प्र.नं. ३६-०१-७१-०६३२०, जारी मिति र जिल्लाः २०७१-१०-१८ नवलपरासी, स्थायी ठेगानाः सुनवल-१० नवलपरासी, हालको ठेगानाः कोहलपुर-१० हवलदारपुर, पति/पत्निको नामः संगीता सुनार, पिताको नाम : पूर्ण बहादुर सुनार, ससुराको नाम/बाजेको नामः हर्क बहादुर सुनार

**कार्यालयको नाम: ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, राभ्का शाखा**
**९.ऋणीको विवरण:**
नामः गिता पुन मगर , ना.प्र.नः ६६-०६-७४-००२४४, जारी मिति र जिल्लाः २०७४-०१-१९ बाँके, स्थायी ठेगानाः नेपालगन्ज १९ आलानगर, हालको ठेगानाः नेपालगन्ज १९ आलानगर, पतिको/पत्निको नामः धन बहादुर पुन मगर, पिताको नामः जुवारीलाल एरी मतवाला, ससुरा/बाजेको नामः मान बहादुर पुन मगर, **व्यक्तिगत धन जमानीकर्ताको नामः** धन बहादुर पुन मगर, ना.प्र.नं. ६६-०१-७१-०४७०७, जारी मिति र जिल्लाः २०७१-०७-२४ बाँके, स्थायी ठेगानाः नेपालगन्ज १९ आलानगर, हालको ठेगानाः नेपालगन्ज १९ आलानगर, पति/पत्निको नामः गिता पुन मगर, पिताको नाम : मान बहादुर पुन मगर, ससुराको नाम/बाजेको नामः बुधिराम पुन

## पहिलो पृष्ठबाट बाँकी

### दुर्गम ...

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवराज वलीले देशभरको ३४औँ शाखाका रूपमा नरैनापुरमा भूमि व्यवस्थापन शाखा स्थापना गरी सेवा सञ्चालनमा ल्याउन सफल भएको बताउनुभयो।

उहाँका अनुसार सेवा सञ्चालनका लागि आवश्यक संस्थागत तथा प्राविधिक व्यवस्थापन मिलाइएको छ। आगामी दिनमा सेवालाई थप व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउँदै लैजाने योजना रहेको उहाँले बताउनुभयो।

"स्थानीय नागरिकले सामान्य सरकारी सेवा लिन पनि टाढा जानुपर्ने अवस्थाको अन्त्य गर्न हामीले सेवा विस्तारलाई प्राथमिकता दिएका छौं। आवश्यक जनशक्ति र प्रविधिको व्यवस्थापन गर्दै सेवालाई प्रभावकारी बनाउने हाम्रो प्रयास रहनेछ," प्रमुख प्रशासकीय अधिकृत वलीले भन्नुभयो।

भूमि व्यवस्थापन शाखा सञ्चालनमा आएको अवसरमा पहिलो सेवाग्राहीका रूपमा नरैनापुर-५ का विनय दीक्षित र नरैनापुर-४ का अर्का सेवाग्राहीलाई लालपुर्जा प्रदान गरिएको थियो।

पहिलो सेवाग्राही बनेका दीक्षितले आफ्नै गाउँपालिकाबाट भूमि प्रशासनसम्बन्धी सेवा पाउने व्यवस्था सुरु हुनु स्थानीयका लागि सुविधाजनक भएको बताउनुभयो। यसअघि यस्ता कामका लागि सदरमुकाम पुग्नुपर्ने अवस्था रहेकामा अब आफ्नै पालिकाबाट सेवा लिन पाउने भएपछि समय र खर्च दुवै बचत हुने उहाँको भनाइ छ।

**सडकसँगै सरकारी सेवाको पहुँच विस्तार**

नरैनापुर कुनै समय बाँके जिल्लाकै विकट गाउँपालिकाका रूपमा चिनिन्थ्यो। भौगोलिक कठिनाइ र कमजोर सडक पूर्वाधारका कारण यहाँका नागरिकले सरकारी सेवा, स्वास्थ्य, शिक्षा तथा अन्य आधारभूत सुविधामा सहज पहुँच पाउन सकेका थिएनन्। तर पछिल्लो समय सडक सञ्जाल विस्तार हुँदै जिल्ला सदरमुकामसँगको आवागमन सहज बन्दै गएको छ।

सडक पहुँच विस्तारसँगै स्थानीयस्तरमै सरकारी कार्यालय तथा सेवा केन्द्र सञ्चालन हुन थालेपछि नरैनापुरमा प्रशासनिक पहुँच पनि विस्तार हुँदै गएको छ। भूमि व्यवस्थापन शाखाको स्थापनालाई यही परिवर्तनको अर्को महत्वपूर्ण कडीका रूपमा हेरिएको छ। गाउँपालिकाका लेखा अधिकृत प्रकाश अधिकारीले स्थानीय तहबाटै सरकारी सेवा सञ्चालन हुँदा ग्रामीण क्षेत्रका नागरिकले प्रत्यक्ष लाभ पाउने बताउनुभयो।

उहाँका अनुसार जग्गासम्बन्धी कामका लागि सदरमुकाम पुग्दा लाग्ने यातायात खर्च, समय र अन्य प्रशासनिक झन्झट अब कम हुनेछ। स्थानीयस्तरमै सेवा उपलब्ध हुँदा नागरिकलाई सहज हुनुका साथै सरकारी सेवाप्रतिको पहुँच र विश्वाससमेत बढ्ने उहाँले बताउनुभयो।

**भूमि प्रशासनसँगै करदाता सेवा केन्द्र पनि सञ्चालनमा**

नरैनापुर गाउँपालिकाले पछिल्लो समय नागरिकलाई स्थानीय तहमै सरकारी सेवा उपलब्ध गराउने अभियानलाई तीव्रता दिएको छ । प्रमुख प्रशासकीय अधिकृत वलीको पहलमा केही दिनअघि मात्रै गाउँपालिकामा करदाता सेवा केन्द्रसमेत सञ्चालनमा ल्याइएको थियो।

करसम्बन्धी सेवा लिन नेपालगञ्ज पुग्नुपर्ने अवस्थालाई सहज बनाउने उद्देश्यले सुरु गरिएको करदाता सेवा केन्द्रपछि अहिले भूमि प्रशासनसम्बन्धी सेवा पनि थपिएको छ। छोटो समयमै दुई महत्वपूर्ण सेवा स्थानीयस्तरमा सञ्चालनमा आउनुले गाउँपालिकाको सेवा प्रवाह विस्तार गर्ने प्रयासलाई थप गति दिएको छ।

स्थानीय तहमा सरकारी सेवाको विस्तार हुनु नागरिकका लागि सुविधा थपिनु मात्र होइन, राज्यको सेवा र उपस्थिति दुर्गम बस्तीसम्म पुग्नु पनि हो। यसले स्थानीय नागरिकको समय र खर्च बचत गर्नुका साथै प्रशासनिक विकेन्द्रीकरणलाई समेत व्यवहारमा उतार्ने अपेक्षा गरिएको छ।

भूमि व्यवस्थापन शाखाको सेवा शुभारम्भ कार्यक्रममा वडा नम्बर २ का अध्यक्ष मसूद अहमद शाह, वडा नम्बर ४ का अध्यक्ष मनोज शर्मा, अलेपा सागर आचार्य, सूचना प्रविधि अधिकृत जुना शाहीसहित गाउँपालिकाका कर्मचारी तथा स्थानीयवासीको सहभागिता रहेको थियो।

वर्षौंदेखि भौगोलिक विकटता र प्रशासनिक पहुँचको अभाव झेल्दै आएको नरैनापुरमा अहिले सडकसँगै सरकारी सेवाको पहुँच पनि विस्तार हुँदै गएको छ। आफ्नै गाउँबाट जग्गा पासदेखि करदाता सेवासम्म प्राप्त हुन थालेपछि नरैनापुरका नागरिकका लागि सदरमुकामको निर्भरता घट्ने र स्थानीय सरकारप्रतिको भरोसा बढ्ने अपेक्षा गरिएको छ।

## नेपालगन्ज उप-महानगरपालिका
# ९ नं. वडा कार्यालय
**नेपालगन्ज, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मितिः २०८३/०७/२०*

यस कार्यालयबाट मिति २०८३/०६/०९ गते प्रकाशित वोलपत्र आह्वान सम्वन्धि सूचना अनुसार पेश हुन आएका बोलपत्रहरूमध्ये सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको औसतको नजिक सारभूतरूपमा प्रभावग्राही भएको पाइएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ तपसिल बमोजिमका वोलपत्रको स्वीकृतिको लागि छनोट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

*तपसिल :*

| क्र. सं. | ठेक्का नं. | योजना नाम | न्यूनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक (भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| १ | NSMCWARD 9/NCB/W01/ 2083/84 | Warda Karyalaya ko Adhuro Bhawan Nirman | ब्रिगेड बिल्डर्स एण्ड इन्जिनियरिङ ग्रुप प्रा. लि., नेपालगञ्ज-१२, बाँके | रु.३८,७१,७२६।५० |

समाचार र विचारको स्वतन्त्र संवाहक
kalpristhanews.com

# एनपिएलमा नेपाली खेलाडीको प्रभावशाली प्रदर्शन, ब्याटिङ र बलिङ दुवैतर्फ अब्बल

**कालपृष्ठ समाचारदाता**

*काठमाडौं, १९ कार्तिक*

काठमाडौंमा जारी तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेट प्रतियोगिताको सुरुआती चरणमा नेपाली खेलाडीले ब्याटिङ र बलिङ दुवैतर्फ प्रभावशाली प्रदर्शन गरेका छन्।

प्रतियोगिताका १३ खेल सम्पन्न हुँदा नेपाली खेलाडीले विदेशी खेलाडीसँग प्रतिस्पर्धा गर्दै व्यक्तिगत प्रदर्शनमा आफूलाई अब्बल साबित गरिरहेका छन्। यसअघिका संस्करणमा सुरुआती चरणदेखि विदेशी खेलाडीको प्रदर्शनले बढी चर्चा पाउने गरेकामा यसपटक नेपाली खेलाडीले पनि ब्याटिङ र बलिङमा निरन्तर प्रभाव छाडेका छन्। विशेषगरी युवा खेलाडीको प्रदर्शनले प्रतियोगितालाई थप प्रतिस्पर्धात्मक बनाएको छ।

ब्याटिङतर्फ विराटनगर किङ्सका नेपाली ब्याटर लोकेश बम सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा शीर्ष स्थानमा छन्। उनले चार खेलमा १६२.०६ को स्ट्राइक रेटमा १८८ रन बनाइसकेका छन्। यसक्रममा उनले दुई अर्धशतक प्रहार गरेका छन्।

विराटनगरको लगातार दुई जितमा लोकेशको ब्याटिङ महत्त्वपूर्ण बनेको थियो। आक्रामक ब्याटिङ गरिरहेका उनले छोटो समयमै ठूलो स्कोर बनाउन सक्ने क्षमता देखाएका छन्।

सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा दोस्रो स्थानमा विराटनगरकै वेस्ट इन्डिजका अलराउन्डर आन्द्रे रसेल छन्। उनले चार खेलमा एक अर्धशतकसहित १४१ रन बनाएका छन्। अन्तरराष्ट्रिय क्रिकेटमा स्थापित रसेलसँगै नेपाली ब्याटरले सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा अग्रता लिनु घरेलु क्रिकेटका लागि सकारात्मक पक्ष हो।

लोकेशबाहेक नेपाली युवा ब्याटर पवन सर्राफ र इमरान शेखले पनि राम्रो प्रदर्शन गरिरहेका छन्। पवनले १०३ र इमरानले १०० रन बनाइसकेका छन्। नेपाली ब्याटरले व्यक्तिगत प्रदर्शनमा सुधार गर्दै टोलीको जितमा समेत योगदान पुऱ्याउन थालेका छन्।

विराटनगर किङ्सका निर्देशक दीपेन्द्र चौधरीले एनपिएलमा नेपाली खेलाडीले देखाएको प्रदर्शन नेपाली क्रिकेटका लागि सुखद रहेको बताउनुभयो। प्रतियोगिताको सुरुआती चरणमै घरेलु खेलाडीले विदेशी खेलाडीसँग प्रतिस्पर्धा गर्दै आफ्नो क्षमता देखाउनु सकारात्मक सङ्केत भएको उहाँको भनाइ छ।

"जारी एनपिएलको सुरुआती चरणमा नेपाली खेलाडीबाट राम्रो प्रदर्शन देखिएको छ। प्लेयर अफ द म्याच अवार्ड जित्ने खेलाडीको सूचीमा पनि घरेलु खेलाडी अगाडि देखिएका छन्। यो नेपाली क्रिकेटका लागि राम्रो सङ्केत हो", पूर्वराष्ट्रिय क्रिकेट खेलाडीसमेत रहनुभएका चौधरीले बताउनुभयो।

ब्याटिङमा मात्र नभई बलिङतर्फ पनि नेपाली खेलाडीको प्रदर्शन उल्लेखनीय छ। सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा कर्णाली याक्सका कप्तान सोमपाल कामी शीर्ष स्थानमा छन्। उनले तीन खेलमा ८.२० को इकोनोमी रेटमा सात विकेट लिएका छन्।

सोमपालले प्रभावकारी बलिङ गर्दै विपक्षी ब्याटरलाई दबाबमा राखेका छन्। कप्तानीसँगै बलिङ र ब्याटिङ दुवैतर्फ जिम्मेवारीपूर्ण प्रदर्शन गरिरहेका उनको लय कर्णालीका लागि महत्त्वपूर्ण बनेको छ।

सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा इङ्ल्यान्डका मोइन अली र श्रीलङ्काका एन्जेलो म्याथ्युज पनि छन्। उनीहरू दुवैले समान चार खेलमा सात-सात विकेट लिएका छन्।

यस्तै, सुदूरपश्चिम रोयल्सका युवा स्पिनर अनिल खरेलले पनि प्रभावशाली बलिङ गरिरहेका छन्। उनले चार खेलमा ६.१२ को इकोनोमी रेटमा छ विकेट लिएका छन्। विपक्षी ब्याटरलाई खुलेर रन बनाउन नदिने उनको क्षमताले सुदूरपश्चिमको बलिङलाई थप मजबुत बनाएको छ।

जनकपुर बोल्ट्सबाट पहिलोपटक एनपिएल खेलिरहेका १६ वर्षीय तीव्र गतिका बलर राहुल यादव पनि यस संस्करणका आकर्षण बनेका छन्। उनले चार खेलमा सातको इकोनोमी रेटमा छ विकेट लिएका छन्। जनकपुरको दुई जितमा राहुलको योगदान महत्त्वपूर्ण रहेको छ।

कम उमेरमै ठूलो प्रतियोगितामा अवसर पाएका राहुलले आफ्नो बलिङ क्षमतामार्फत समर्थकको ध्यान खिचेका छन्। उनी यस संस्करणमा 'प्लेयर अफ द म्याच' समेत घोषित भइसकेका छन्। अनुभवी विदेशी तथा राष्ट्रिय टोलीका खेलाडीसँगै मैदानमा उत्रिएर आत्मविश्वासपूर्ण प्रदर्शन गरेका राहुल नेपाली क्रिकेटको भविष्यका लागि सकारात्मक सम्भावना भएको जनकपुरमा आबद्ध इङ्ल्यान्डका अलराउन्डर मोइन अलीले बताउनुभएको छ। उहाँले राहुललाई 'नेपाली मलिङ्गा' को उपमासमेत दिनुभएको छ।

विराटनगर किङ्सका निर्देशक चौधरीका अनुसार एनपिएलले नेपाली खेलाडीलाई अन्तरराष्ट्रियस्तरका खेलाडीसँग एउटै प्रतियोगितामा खेल्ने र आफ्नो क्षमता परीक्षण गर्ने अवसर दिएको छ। नेपाली खेलाडीले देखाएको निरन्तरता र आत्मविश्वासले घरेलु क्रिकेटको स्तरमा सुधार भइरहेको सङ्केत गरेको उहाँको भनाइ छ।

"विगतका संस्करणमा सुरुआतदेखि नै विदेशी खेलाडीले प्रभाव जमाउँदै आएका थिए। तर, यसपालि नेपाली खेलाडीबाट पनि निरन्तर उत्कृष्ट प्रदर्शन देखिएको छ", उहाँले भन्नुभयो।

नेपाल क्रिकेट सङ्घ (क्यान) का पूर्वछनोट समिति संयोजकसमेत रहनुभएका चौधरीले प्रतियोगिताभर नेपाली खेलाडीको प्रदर्शन यही लयमा कायम रहने विश्वास व्यक्त गर्नुभयो। पूरा सिजनमा घरेलु खेलाडीले अझ राम्रो प्रदर्शन गर्दै टोलीको नतिजामा निर्णायक भूमिका खेल्न सक्ने उहाँको भनाइ छ। रासस

## लुम्बिनीको अपराजित यात्रा कायमै

**कालपृष्ठ समाचारदाता**

*काठमाडौं, १९ कार्तिक*



नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत लुम्बिनी लायन्सले अपराजित यात्रा कायम राखेको छ। बिहीबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सम्पन्न खेलमा लुम्बिनीले जनकपुर बोल्ट्सलाई १६ रनले पराजित गरेको हो।

लुम्बिनीले दिएको १५० रनको लक्ष्य पछ्याएको जनकपुरले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १३३ रन मात्रै बनाउन सक्यो।

जनकपुरका हरमीत सिंहले ३३, आदित्य महताले अविजित ३०, सैफ हसनले २८ र तृत राज दासले १८ रन बनाउनुभयो। अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

बलिङतर्फ लुम्बिनीका डार्सी सर्टले तीन विकेट लिनुभयो। शेर मल्ल र तिलक भण्डारीले दुई-दुई तथा रुबेन ट्रम्पलमनले एक विकेट लिनुभयो।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १४९ रन बनाएको थियो। लुम्बिनीका रोहित पौडेलले सर्वाधिक ३४ रन बनाउनुभयो। निरोशन डिकवेलाले २७, दिलीप नाथले २५ र आसिफ शेखले २१ रन जोड्नुभयो। रुबेन ट्रम्पलमनले १५ तथा शमिम हुसेनले १३ रन बनाउनुभयो।

बलिङतर्फ जनकपुरका राहुल यादव र विशाल सुश्लिडले दुई-दुई विकेट लिनुभयो। हरमीत सिंह, ललित राजवंशी र अभिषेक तिवारीले एक-एक विकेट लिनुभयो।

चार खेलबाट तीन जित र वर्षाका कारण रद्द भएको एक खेलको एक अङ्कसहित सात अङ्क जोडेको लुम्बिनी अङ्क तालिकाको शीर्ष स्थानमा यथावत् छ। पाँच खेल खेलेको जनकपुरले दुई जित र तीन हारबाट चार अङ्क जोड्दै चौथो स्थानमा रहेको छ।

## दुर्गम नरैनापुरमा फेरिँदै सेवा प्रवाहको अवस्था, अब गाउँबाटै जग्गा पास




**कालपृष्ठ समाचारदाता**

*नरैनापुर, १९ कार्तिक*

भौगोलिक विकटता, कमजोर यातायात पहुँच र सरकारी सेवा लिन लामो दूरी तय गर्नुपर्ने बाध्यता बाँकेको नरैनापुर गाउँपालिकाका नागरिकले वर्षौंदेखि भोग्दै आएको समस्या हो यो। सामान्य जग्गासम्बन्धी कामदेखि प्रशासनिक सेवाका लागि समेत जिल्ला सदरमुकाम नेपालगञ्ज पुग्नुपर्ने बाध्यता थियो। तर पछिल्लो समय नरैनापुरको यो अवस्था विस्तारै बदलिन थालेको छ।

गाउँपालिकाले आफ्नै कार्यालयबाट भूमि प्रशासनसम्बन्धी सेवा सञ्चालनमा ल्याएसँगै अब स्थानीय नागरिकले जग्गा पास, कित्ताकाट र नामसारीलगायत सेवा गाउँमै पाउने भएका छन्। यसअघि भूमि प्रशासन कार्यालयबाट मात्रै उपलब्ध हुँदै आएको सेवा बिहीबारदेखि गाउँपालिकामा स्थापना गरिएको छुट्टै भूमि व्यवस्थापन शाखामार्फत सञ्चालनमा आएको हो।

गाउँपालिकाले सेवा सञ्चालनमा ल्याएसँगै वर्षौंदेखि जग्गासम्बन्धी सामान्य कामका लागि समेत सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य हुने अपेक्षा गरिएको छ। विशेषगरी ग्रामीण तथा दुर्गम बस्तीका नागरिकलाई यसबाट प्रत्यक्ष राहत पुग्ने देखिएको छ।

सेवा शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष इश्तियाक अहमद शाहले स्थानीय नागरिकलाई सहज रूपमा सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले भूमि प्रशासनसम्बन्धी सेवा गाउँपालिकामै सुरु गरिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "अब नरैनापुरका नागरिकले जग्गा पास, कित्ताकाट र नामसारीलगायत कामका लागि सदरमुकाम धाउनुपर्ने अवस्था रहने छैन। आफ्नै गाउँपालिकाबाट सेवा लिन पाउँदा नागरिकको समय र खर्च बचत हुनुका साथै सेवा प्राप्त गर्न सहज हुनेछ।"

अध्यक्ष शाहका अनुसार स्थानीय तहबाटै सेवा प्रवाह हुन थालेपछि नागरिकले भोग्दै आएको प्रशासनिक झन्झट कम हुनुका साथै सरकारी सेवामा स्थानीयको पहुँचसमेत विस्तार हुनेछ।

*बाँकी ३ पृष्ठमा*

स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।